(कृपया पत्रोत्तरमा प्राप्त पत्रसंख्या
र मिति अवश्य उल्लेख गर्नुहोला)

नेपाल सरकार
# शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

Email : info@tsc.gov.np
☎ Website: www.tsc.gov.np
६६३७८७२/६६३७८७३

पत्र संख्या : ०७३।०७४ मिति : २०७३।१२।२८
चलानी नं. :

**विषय :- परीक्षा केन्द्र निर्धारण गरी पठाउने सम्वन्धमा ।**

श्री जिल्ला शिक्षा कार्यालय
मोरङ, काठमाडौं, कास्की, वाँके र कैलाली ।

शिक्षक सेवा आयोगको पूर्व प्रकाशित सूचना अनुसार माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तह प्रथम र द्वितीय श्रेणीको २५% आन्तरिक प्रतियोगितात्मक बढुवाको मिति २०७४।०१।१६ गते सञ्चालन हुने लिखित परीक्षाको लागि त्यस विकास क्षेत्र अन्तर्गतका जिल्लाहरुमा आवेदन दर्ता गर्ने सबै परीक्षार्थीहरुको परीक्षा केन्द्र त्यस जिल्लामा रहेको व्यहोरा पुन: जानकारी गराइन्छ । साथै आयोगको मिति २०७३।१२।२८ को निर्णय अनुसार उक्त परीक्षाको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी तहाँ जिल्लालाई तोकिएको छ । अत : तपसिल बमोजिमको परिधिभित्र रही जिल्ला परीक्षा समन्वय समितिबाट परीक्षा केन्द्र निर्धारण गरी सो को जानकारी तपसिल बुँदा नम्वर ७ को ढाँचामा २०७४।०१।०३ गते भित्र अनिवार्य रुपमा यस आयोगमा आइपुग्ने गरी पठाई दिनुहुन अनुरोध छ । परीक्षाका लागि आवेदन दिने त्यस क्षेत्र अन्तर्गतका सबै तह र श्रेणीका परीक्षार्थीहरुको तथ्याङ्क यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

तपसिल :-

**परीक्षा केन्द्र निर्धारण गर्ने मापदण्ड :-**

१. प्रति केन्द्र बढीमा २०० जना परीक्षार्थीहरु सहभागी गराउने ।
२. एउटा परीक्षा केन्द्रमा यथासम्भव एकै तह र श्रेणीका परीक्षार्थीहरु रहने गरी परीक्षा केन्द्र कायम गर्ने । यसरी परीक्षा केन्द्र कायम गर्दा माथि उल्लेखित संख्यामा अपुग हुने भएमा अन्य तह र श्रेणीका परीक्षार्थी समेत राखी केन्द्र कायम गर्ने ।
३. एउटै परीक्षा केन्द्रमा फरक फरक तह र श्रेणीका परीक्षार्थीहरुलाई राख्नु पर्ने भए कोठा अनिवार्य रुपमा अलग गर्ने । एउटै कोठामा मिसाएर नराख्ने ।
४. एउटै जिल्लाको एकै तह र श्रेणीका परीक्षार्थीहरुलाई अलग अलग केन्द्रमा नपार्ने ।
५. परीक्षा केन्द्र कायम गर्दा विद्यालयको भौतिक सुविधा (कम्पाउण्ड वाल र सुरक्षा पहुँच ) लाई समेत आधार मान्नु पर्ने ।
६. परीक्षा केन्द्र कायम गरी पठाउँदा विद्यालय, क्याम्पस वा शैक्षिक संस्थाको नाम र स्थान समेत उल्लेख गरी पठाउनु पर्ने । यसरी उल्लेख भई आएको केन्द्र पछि परिवर्तन नहुने ।
७. परीक्षा केन्द्र निर्धारण गरिसकेपछि सोको जानकारी निम्नानुसारको ढाँचामा आयोगमा पठाउनु पर्ने ।

**परीक्षा केन्द्र निर्धारणको ढाँचा :-**

| क्र.स. | तह/श्रेणी | परीक्षा केन्द्रको नाम र ठेगाना | सो परीक्षा केन्द्रमा सम्मिलित हुने जिल्ला | रोल नम्वर | | केन्द्रमा रहने परीक्षार्थी संख्या |
|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | |
| १ | | | | | | |

.....................................
(रामप्रसाद पाण्डे)
उपसचिव

बोधार्थ :-
श्री क्षेत्रीय शिक्षा निर्देशनालय ५ वटै :-आफ्नो क्षेत्र भित्रका जिल्ला शिक्षा कार्यालयहरुसँग समन्वय गरी परीक्षार्थीहरुको नाम,रोल नम्वर, तह, श्रेणी र संख्या सहितको विवरण संकलन गरी परीक्षा सञ्चालन हुने जिल्ला शिक्षा कार्यालयमा पठाउन सहजीकरण गर्नुहुन र परीक्षा अनुगमन गर्नुहुन ।

(कृपया पत्रोत्तरमा प्राप्त पत्रसंख्या
र मिति अवश्य उल्लेख गर्नुहोला)

नेपाल सरकार
# शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

Email : info@tsc.gov.np
Website: www.tsc.gov.np
☎ ६६३७८७२/६६३७८७३

पत्र संख्या : ०७३।०७४ मिति : २०७३।१२।२८
चलानी नं. :

**विषय :- सहजीकरण र अनुगमन सम्वन्धमा ।**

श्री क्षेत्रीय शिक्षा निर्देशनालय
५ वटै ।

शिक्षक सेवा आयोगको पूर्व प्रकाशित सूचना अनुसार माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तह प्रथम र द्वितीय श्रेणीको २५% आन्तरिक प्रतियोगितात्मक बढुवाको मिति २०७४।०१।१६ गते सञ्चालन हुने लिखित परीक्षाको लागि तहाँ विकास क्षेत्र अन्तर्गतका सबै जिल्लाका परीक्षार्थीहरुको लागि पूर्व प्रकाशित सूचना बमोजिमकै परीक्षा केन्द्र कायम रहेको व्यहोरा अनुरोध छ । साथै उक्त परीक्षा सञ्चालन र व्यवस्थापनको जिम्मेवारी परीक्षा केन्द्र कायम गरिएकै जिल्ला शिक्षा कार्यालयलाई तोक्ने र सम्वन्धित क्षेत्रीय शिक्षा निर्देशनालयलाई परीक्षा सञ्चालनमा समन्वय र अनुगमन कार्यको लागि अनुरोध गर्ने भन्ने आयोगवाट मिति २०७३।१२।२८ मा निर्णय भएको हुँदा सो बमोजिम र यस आयोगको मिति २०७३।१२।२८ को बोधार्थ पत्र अनुसार गर्नु गराउनु हुन निर्णय अनुसार अनुरोध छ ।

..........................
(रामप्रसाद पाण्डे)
उपसचिव

बोधार्थ :-
श्री जिल्ला शिक्षा कार्यालय
मोरङ, काठमाडौं, कास्की, वाँके र कैलाली :- क्षेत्रीय शिक्षा निर्देशनालय र त्यस क्षेत्र भित्रका जिल्ला शिक्षा कार्यालयहरु संग समन्वय र सम्पर्क गरी परीक्षार्थीहरुको नाम,रोल नम्वर, तह, श्रेणी र संख्या सहितको विवरण सङ्कलन गरी परीक्षाको व्यवस्थापन र सञ्चालन गर्नुहुन ।